# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा. परिपत्र संख्या : १८/२०७७-७८** **मितिः २०७८/०३/०८**

**श्री विप्रेषण कारोबार गर्ने इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र विप्रेषण कम्पनीहरु ।**

**विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**१. एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः २५/२०७६ को दफा ४ को खण्ड (ग) लाई देहायबमोजिम संशोधन गरिएको छः**

(ग) विप्रेषणको विनिमय दर सम्बन्धमा :

बैंक तथा वित्तीय संस्था र रेमिटान्स कम्पनीहरूले विप्रेषणका लागि प्रयोग गर्ने विनिमयदरको सम्बन्धमा बैंकहरूले Documents (Others) प्रयोजनका लागि निर्धारण गरेको विनिमयदरबाट फेडान (Foreign Exchange Dealers Association of Nepal) मार्फत **राष्ट्र बैंकबाट विनिमय दर प्रकाशन हुने सम्पूर्ण विदेशी मुद्राहरुको लागि** औसत खरिद दर तय गरी प्रत्येक दिन बिहान १०:०० बजे र दिनको २:०० बजे रेमिटान्स विनिमय दरको रुपमा प्रकाशित गर्नु पर्नेछ। सो दरलाई आधार मानी बैंक तथा वित्तीय संस्था र रेमिटान्स कम्पनीहरूले विप्रेषण प्रयोजनका लागि समान रुपमा विनिमय दर कायम गर्नुपर्नेछ । यसरी फेडानले दैनिक २ पटक प्रकाशन गर्ने रेमिटान्स विनिमयदर इजाजतपत्रप्राप्त सबै बैंक तथा वित्तीय संस्था र रेमिटान्स कम्पनीहरूलाई उपलब्ध गराउनु पर्नेछ। साथै, त्यस्तो विनिमय दरको विवरण फेडानले प्रत्येक दिन विदेशी विनिमय व्यवस्थापन विभागमा समेत पठाउनु पर्नेछ । विप्रेषण कारोबार गर्ने सबै इजाजतपत्रप्राप्त संस्थाहरूले फेडानको सदस्यता लिनुपर्नेछ ।

**२. एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः २५/२०७६ मा देहायबमोजिम दफा (१०) र (११) थप गरिएको छः**

(१०) नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ को विनियम ७ को खण्ड (ञ), (ट) र (ठ) तथा विनियम १८ लगायत अन्य व्यवस्थाहरु बारे पुनः जानकारी गराउँदै विप्रेषण सेवा प्रदान गर्ने इजाजतपत्रप्राप्त कम्पनीहरुले यस विभागबाट इजाजतपत्र प्राप्त गर्दा पेश गरेको सम्झौतामा उल्लेख नगरी विदेशी सेवा प्रदायकलाई कुनै पनि प्रकारको वित्तीय तथा गैर वित्तीय सेवा सुविधा (लिनु पर्ने रकमबाट कट्टी समेत गरी) उपलब्ध गराउन नपाउने व्यवस्था गरिएको छ ।

(११) विप्रेषण कारोबार गर्ने इजाजतपत्र प्राप्त कम्पनीहरुले नगद धरौटी लिई सब-एजेण्ट नियुक्ती गर्ने गरेको भए सो नगदको सट्टामा जमानत प्रयोजनका लागि वैकल्पिक व्यवस्था (बैंक तथा वित्तीय संस्थाबाट जारी भएको जमानत) लिनु पर्ने व्यवस्था गरिएको छ ।

भवदीय,

२०७८/०३/०८

(रामु पौडेल)
कार्यकारी निर्देशक

बोधार्थः

१. श्री गभर्नरको कार्यालय ।

२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१०. श्री नेपाल उद्योग परिसंघ ।
११. श्री नेपाल चेम्बर अफ कमर्स ।
१२. श्री नेपाल बैंकर्स संघ ।
१३. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१४. श्री नेपाल वित्तीय संस्था संघ ।
१५. श्री नेपाल मुद्रा विप्रेषक संघ ।

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग